# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

कानून तथा न्याय मन्त्रालयका सचिव श्री ईश्वरबहादुर श्रेष्ठ २०४४।१२।१ देखि ६ गतेसम्म सिंगापुरमा हुने अफ्रो एशियाली कानून परामर्शदातृ समितिको सत्ताइसौं बैठकमा भाग लिन जानुहुने भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव डा. गजेन्द्रमणि प्रधानलाई मिति २०४४।११।२८ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४४।१०।१२ को निर्णयानुसार यस मन्त्रालयका शाखा अधिकृत श्री नारायणलाल श्रेष्ठलाई प्रहरी किताबखानाको शाखा अधिकृत पदमा सरुवा गरेको छ।

आज्ञाले,
केदारनिधि तिवारी
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

629